# FKJ मा जापानी भाषा सिकौँ!

## FKJ, KOKUSEN को जापानी भाषा विभाग हो।

### KOKUSEN को इतिहास

KOKUSEN सन् १९७२ मा स्थापना भएको विद्यालय हो, जसले अहिलेसम्म ६,००० भन्दा बढी विद्यार्थीहरू उत्पादन गरिसकेको छ।
यो विद्यालय शहरी विकासका विशेषज्ञहरू उत्पादन गर्ने प्राविधिक विद्यालयको रूपमा चिनिन्छ।
सन्२०१० मा जापानी भाषा विभाग स्थापना भएपछि, विदेशी विद्यार्थीहरूलाई व्यावसायिक पाठ्यक्रमहरूमा स्वीकार गर्न थालिएको हो, जसको इतिहास अहिले १६ वर्ष भइसकेको छ।
भूमि, पूर्वाधार, यातायात तथा पर्यटन मन्त्रालयबाट मान्यता प्राप्त शैक्षिक क्षमतासँगै, लामो समयदेखि विदेशी विद्यार्थीहरूलाई स्वीकार गर्दै आएको अनुभवका कारण, यस विद्यालयका विद्यार्थीहरू उच्च शिक्षामा प्रवेश तथा रोजगारीमा उत्कृष्ट नतिजा हासिल गर्दै आएका छन्।
सन् २०१८ मा स्थापना भएको Global Business Course र City Management Course का विद्यार्थीहरू पर्यटन, उत्पादन, खुद्रा व्यापार, मानव संसाधन सेवा आदि विभिन्न क्षेत्रमा कार्यरत छन्।

KOKUSEN
Shimada Educational Institute
Fukuoka Kokudo Kensetsu Technical College

## FKJ को भिजन

FKJ को जापानी भाषा पाठ्यक्रम हाम्रो विद्यालयको संस्थापक दर्शनमा आधारित छ।

- **शैक्षिक आदर्श (Educational Motto)**
  उत्साह, शक्ति, र इमानदारी
- **दर्शन (Philosophy)**
  ग्लोबल,स्थानीय,व्यक्तिगत
- **मुख्य मूल्य (Core Value)**
  हामी जन्मिएको संसारभन्दा अझ राम्रो संसार बनाउने

हामी विश्वास गर्छौं कि भाषा केवल एउटा सीप मात्र होइन, मानिसहरूलाई जोड्ने र परिवर्तन ल्याउने माध्यम हो।
वास्तविक अनुभव र समुदायसँगको सहकार्यमा आधारित भाषा शिक्षामार्फत, हामी प्रत्येक विद्यार्थीलाई जापानमा मात्र होइन, विश्वभर समाजमा योगदान गर्न सक्ने व्यक्ति बन्न सहयोग गर्छौं।

## FKJ मा अध्ययन

### 01 उपयुक्त पाठ्यक्रम र सिकाइ वातावरण

अनुभवी र दक्ष शिक्षकहरूको मार्गदर्शनमा, विद्यार्थीहरूले प्रभावकारी रूपमा जापानी भाषा सीप विकास गर्न सक्छन्।
जीवन मार्गदर्शन स्टाफ र विद्यार्थी सहयोगीहरूको उपस्थितिका कारण, विद्यार्थीहरूले जापानमा सुरक्षित र निश्चिन्त जीवन बिताउन सक्छन्।

### 02 आधारभूतदेखि विश्वविद्यालय प्रवेश स्तरसम्म जापानी भाषा

विद्यार्थीहरूले N5 स्तरबाट सुरु गरी N3–N1 स्तरसम्म लक्ष्य राख्छन्।
कक्षाहरू स्तर अनुसार विभाजन गरिएका छन्, जसले गर्दा कसैलाई पनि पछाडि नपर्न सहयोग पुग्छ।
विश्वविद्यालय वा व्यावसायिक विद्यालयमा प्रवेशजस्ता व्यक्तिगत लक्ष्यहरू प्राप्त गर्न विशेष ध्यानसहित मार्गदर्शन गरिन्छ।

### 03 व्यावहारिक समूह कार्य

स्नातक परियोजनाका रूपमा, विद्यार्थीहरूले आफ्नै रुचिका विषय छान्छन्।
स्थानीय व्यवसाय, पसल, सांस्कृतिक संस्थाहरूको भ्रमण गरी जापानी भाषामा अन्तर्वार्ता लिन्छन्, निष्कर्ष संकलन गर्छन् र प्रस्तुति तयार गर्छन्। अन्तिम रूपमा, स्थानीय समुदायसमक्ष प्रस्तुति दिइन्छ।
यो व्यावहारिक जापानी भाषा सीप विकास गर्ने FKJ को विशेष पाठ्यक्रम हो।

## स्नातकहरूको सन्देश



**Bikash Shrestha**
Coordinator
Fukuoka Branch Yamato Staff Supply Co.

म सन् २०१२ को अप्रिलमा FKJ मा विदेशी विद्यार्थीको रूपमा जापान आएको थिएँ।
सुरुमा जापानी संस्कृति र भाषा, विशेषगरी हाकाता बोलीले मलाई निकै आश्चर्यचकित बनायो।

विदेशी विद्यार्थीको जीवन सजिलो थिएन, तर विद्यालयमा कडा मेहनत गरेर सिकेको जापानी भाषा र संस्कृति आज पनि मेरो काम र जीवनमा उपयोग भइरहेको छ।
FKJ का शिक्षकहरूको सहयोगले म निरन्तर प्रयास गर्न सकें र Kyushu Sangyo University मा प्रवेश गरी स्नातक हुन सफल भएँ।
हाल म यातायात उद्योगको सबैभन्दा ठूलो कम्पनी Kuroneko Yamato Group मा कार्यरत छु।

सुरुमा जापानी भाषामा संवाद गर्न गाह्रो हुन सक्छ, तर जापानको जीवनमा बिस्तारै बानी परेपछि तपाईंले जापान कति राम्रो देश हो भन्ने महसुस गर्नुहुनेछ।
मेरो अनुभवमा, जापानजत्तिको सुरक्षित र निश्चिन्त देश अरू कतै छैन।
यदि तपाईं जापानको जीवनलाई रमाइलो गर्दै आफ्नो पूरा प्रयास गर्नुभयो भने, प्रत्येक दिनलाई मूल्यवान् ठान्नुभयो भने, तपाईं अवश्य सफल हुनुहुनेछ।
FKJ का सबै शिक्षकहरूप्रति म हृदयदेखि आभारी छु।



**Basnet Poshan**
CEO
Global Surveying LLC
DLIGHT Authentic Indian & Nepali Restaurant

म सन् २०१३ मा KOKUSEN मा भर्ना भएर सर्भेइङ (Surveying) र सूचना प्रविधि (IT) पढ्न थालें।

पढाइ सकेपछि म जापानमै काम गर्न थालें।
काम गर्दै धेरै अनुभव पाएपछि, २०१९ मा मैले कम्पनी छोडेर आफ्नै व्यवसाय सुरु गर्ने निर्णय गरें।

अहिले म दुई वटा व्यवसाय सञ्चालन गरिरहेको छु। एक, Global Surveying LLC, जसले व्यावसायिक सर्भेइङ सेवा दिन्छ।
अर्को, DLIGHT, भारतीय तथा नेपाली रेस्टुरेन्ट हो।

म मेरी श्रीमती र २०२४ अक्टोबरमा जन्मिएकी छोरीसँग जापानमा बस्छु। अहिलेसम्म मैले जापानमा नयाँ आएका वा समस्यामा परेका धेरै मानिसहरूलाई सहयोग गर्दै आएको छु।
यदि मैले केही गर्न सक्छु भने, म सधैं मनदेखि सहयोग गरिरहनेछु।

भविष्यमा तपाईंहरू पनि जापानमा नयाँ व्यवसायिक आइडिया फेला पार्न सक्नुहुनेछ भन्ने मेरो आशा छ।



**Shahi Thakuri Surendra**
Public Relations and International Affairs Officer
Fukuoka KOKUSEN

म सन् २०२२ को अप्रिलमा KOKUSEN मा आएर जापानी भाषा पाठ्यक्रम FKJ मा प्रवेश गरें।
त्यसपछि, KOKUSEN को व्यावसायिक विद्यालयअन्तर्गत International Information Business Course मा भर्ना भई थप दुई वर्ष मेहनतपूर्वक अध्ययन गरें।

विद्यार्थी जीवनभर, मैले प्रत्येक कक्षा र कार्यमा आफ्नो सक्दो प्रयास गरें।
त्यसको परिणामस्वरूप, मैले छात्रवृत्ति प्राप्त गर्न सफल भएँ।
सबैभन्दा गर्वको कुरा, मलाई KOKUSEN बाटै रोजगारीको प्रस्ताव प्राप्त भयो, जुन मेरो समर्पण र धैर्यताको प्रमाण हो।
अहिले म KOKUSEN मा काम गर्दै हरेक दिन आफ्नो जिम्मेवारी इमानदारीपूर्वक पूरा गरिरहेको छु।

जापान आउँदा मलाई केही सामान्य अभिवादन मात्र थाहा थियो, सबै कुरा नयाँ र चुनौतीपूर्ण थियो।
पढाइ र पार्ट–टाइम काम सँगै सम्हाल्नु सुरुमा निकै गाह्रो थियो।
तर समयसँगै मैले एउटा अत्यन्त महत्वपूर्ण कुरा बुझें—
यदि तपाईं जापानमा बस्न र सफल हुन चाहनुहुन्छ भने, जापानी भाषा सबैभन्दा आवश्यक सीप हो।
भाषामा दक्ष हुनाले अवसरहरू बढ्छन्, सम्बन्धहरू बन्छन्, र दैनिक जीवन धेरै सहज हुन्छ।

जापानमा अध्ययन र जीवन सजिलो छैन, तर यदि तपाईं आफ्नो लक्ष्यमा केन्द्रित रहनुहुन्छ र निरन्तर मेहनत गर्नुहुन्छ भने, तपाईंको प्रयासले अवश्यले मान्यता पाउनेछ।
शिक्षकहरू र विद्यालय सधैं तपाईंको सहयोगका लागि तयार रहनेछन्।
KOKUSEN वास्तवमै तपाईंको सपना पूरा गर्न सहयोग गर्ने स्थान हो।

आफूमा विश्वास गर्नुहोस्, समयको पूरा सदुपयोग गर्नुहोस्, र कहिल्यै हार नमान्नुहोस्।
म तपाईंहरूको सधैं साथमा छु र हृदयदेखि हौसला दिइरहने छु।

## शैक्षिक सहयोग



### पार्ट–टाइम रोजगारीमा सहयोग

विद्यालय वरपर धेरै पार्ट–टाइम काम उपलब्ध छन्।
कनभिनियन्स स्टोर, सुपरमार्केट, खाद्य कारखाना, यातायात कम्पनी आदि क्षेत्रमा, कम जापानी जान्ने विद्यार्थीहरू पनि काम गर्न सक्छन्।



### छात्रवृत्ति

उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थीहरूका लागि FKJ छात्रवृत्ति उपलब्ध छ।
वार्षिक ६०,०००–१२०,००० येन सम्म छात्रवृत्ति प्राप्त गर्न सकिन्छ।



### छात्रावास

विद्यालयबाट करिब १० मिनेट साइकल दूरीमा छात्रावास छ।
नजिकै सुपरमार्केट र कनभिनियन्स स्टोर पनि छन्।
अंग्रेजी र नेपाली बोल्ने स्टाफ उपलब्ध भएकाले, विद्यार्थीहरू निश्चिन्त भएर बस्न सक्छन्।

## शैक्षिक उपलब्धि

**लगातार १५ वर्षदेखि**
**१००% विद्यार्थीहरू उच्च शिक्षामा भर्ना हुन सफल भएका छन्।**

**Destination of students who went on to higher education in the past**

| | |
|---|---|
| UNIVERSITY | Kyushu Sangyo University, Nakamura Gakuen University, Japan University of Economics<br>University of Miyazaki, University of the Ryukyus, Kitakyushu City University, Kurume University, etc. |
| COLLEGE/DIPLOMA | KOKUSEN, Aso Automobile College, Nishitetsu Automobile Maintenance College,<br>Fukuoka Foreign Language College, Aso Foreign Language Tourism & Bridal College, Arts College Yokohama, etc. |

## FKJ शिक्षाका विशेषताहरू

यस पाठ्यक्रमले "विश्वव्यापी (Global), स्थानीय (Local), र व्यक्तिगत (Individual)" गरी तीनवटा दृष्टिकोणहरूलाई एकीकृत गर्दै शिक्षा प्रदान गर्दछ। हाम्रो उद्देश्य जापानी भाषाको माध्यमबाट विश्व र स्थानीय समुदायलाई जोड्ने र राम्रो समाज निर्माणमा योगदान पुर्‍याउने जनशक्ति उत्पादन गर्नु हो।

लक्षित विद्यार्थीहरू र भर्ना योग्यता

२-वर्षे पाठ्यक्रमका लागी आवेदकसँग CEFR A1 स्तर बराबरको जापानी भाषा क्षमता वा कम्तीमा १५० घण्टाको जापानी भाषा अध्ययन गरेको प्रमाण, १.५-वर्षे पाठ्यक्रमका लागी आवेदकसँग A2 स्तरबराबरको जापानी भाषा क्षमता, १-वर्षे पाठ्यक्रमका लागी आवेदकसँग B1 स्तर बराबरको जापानी भाषा क्षमता हुनुपर्छ।

## तीनवटा कोर्सहरू (लक्ष्यहरू)

१. जापानी भाषा: २-वर्षे शैक्षिक उन्नति कोर्स२ वर्षको योजनाबद्ध अध्ययन मार्फत उच्च शिक्षाका लागि आवश्यक पर्ने पूर्ण जापानी भाषा क्षमताको विकास गरिनेछ। विभिन्न सांस्कृतिक पृष्ठभूमि भएका साथीहरूसँगै सिकेर स्थानीय समुदायको बुझाइ र सहकार्य मार्फत "संवाद गर्ने क्षमता" पनि बढाइनेछ।

---

२. जापानी भाषा: १.५-वर्षे शैक्षिक उन्नति कोर्स१.५ वर्षमा जापानी भाषाको स्तर सुधार्दै, उच्च शिक्षाका लागि आवश्यक अध्ययन गर्ने बानी र अभिव्यक्ति क्षमतालाई बलियो बनाइनेछ। चरणबद्ध सिकाइ मार्फत विश्वविद्यालय र कलेजहरूमा आवश्यक पर्ने पढ्ने, लेख्ने र बोल्ने सीपहरू विकास गरिनेछ।

---

३. जापानी भाषा: १-वर्षे शैक्षिक उन्नति कोर्स१ वर्षको पाठ्यक्रम मार्फत उच्च शिक्षाका लागि आवश्यक आधारभूत क्षमतालाई बलियो बनाइनेछ। व्याकरण, शब्दावली, पढ्ने, लेख्ने र बोल्ने सीपलाई सन्तुलित रूपमा सिकेर अर्को शैक्षिक पाइलाको लागि बलियो आधार तयार गरिनेछ।

---

**लक्ष्य स्तर: CEFR B२ बराबर (सुन्ने / पढ्ने / बोल्ने [अन्तरक्रिया र प्रस्तुति] / लेख्ने)।**

（CEFR स्तर A१=N५、A२=N४、B१=N३、B२=N२、C१=N१ JLPT स्तरसँग लगभग समान हो）

## कक्षा समय तालिका (दैनिक तालिका)

कक्षाहरू बिहान र दिउँसोको सत्रमा विभाजित छन्। प्रत्येक पिरियड ४५ मिनेटको हुन्छ र दिनमा ४ वटा पिरियडहरू हुन्छन्।

| बिहानी कक्षा (उदाहरण) | दिउँसोको कक्षा (उदाहरण) |
|---|---|
| ०९:०० – ०९:४५: पहिलो पिरियड | १३:०० – १३:४५: पहिलो पिरियड |
| ०९:४५ – १०:३०: दोस्रो पिरियड | १३:४५ – १४:३०: दोस्रो पिरियड |
| १०:३० – १०:४०: ब्रेक (विश्राम) | १४:३० – १४:४०: ब्रेक (विश्राम) |
| १०:४० – ११:२५: तेस्रो पिरियड | १४:४० – १५:२५: तेस्रो पिरियड |
| ११:२५ – १२:१०: चौथो पिरियड | १५:२५ – १६:१०: चौथो पिरियड |

## स्थानीय समुदायसँगको सहकार्य

हामी स्थानीय प्राथमिक विद्यालयहरूसँगको अन्तर्क्रिया, सामुदायिक केन्द्रहरूमा हुने अन्तरसांस्कृतिक कुकिङ क्लास, र हाम्रो ग्रुपका हाई स्कूलहरूको सांस्कृतिक उत्सवहरूमा सहभागिता मार्फत समुदायसँगको सम्बन्धलाई महत्त्व दिन्छौं। जापानी भाषा बोल्नु मात्र नभई, यसलाई प्रयोग गरेर स्थानीय समुदायसँग घुलमिल हुने, आफ्नो व्यक्तित्व विकास गर्ने र भविष्यमा समाजमा सफल हुने लक्ष्य हामी राख्छौं।

KOKUSEN
School Corporation Shimada Gakuen
Fukuoka Kokudo Kensetsu Technical College

TEL : ०९२-५०१-३२६१
kokusen@mocha.ocn.ne.jp
२-७-८,Sanchiku, Fukuoka Shi Hakata Ku,
Fukuoka Ken, ८१२-०८८७, Japan

Instagram　Website　Youtube　Facebook

# FKJ

Japanese Language Course

Diploma of Professional Studies

## Shape your future with FKJ







नेपाली भाषा स्कूल गाइड